प्रतिदिन राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY
प्रतिदिन १७ औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २३४ ॥ २०८२ असोज ३० गते बिहिबार (16th Oct 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# सत्ताच्यूत भइसके तर आन्दोलनलाई स्वीकार गर्दैनन् ओली

झापा(प्रस) । नेकपा एमालेका अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले भदौ २३ र २४ गतेको घटनालाई लोकतान्त्रिक व्यवस्था र संविधानमाथि आन्तरिक र बाह्य षड्यन्त्रको भयानक र त्रासदीपूर्ण आक्रमण भनेका छन् ।

'भदौ २३ र २४ गते संघीय लोकतान्त्रिक गणतन्त्रको प्रणाली र संविधान विरुद्धको आन्तरिक र बाह्य षडयन्त्र भयानक र त्रासदीपुर्ण आक्रमणका रुपमा प्रकट भयो', ओलीले आफ्नो विशेष प्रस्तावमा भनेका छन् ।

दुईदिने जेनजी आन्दोलनका कारण सरकारको नेतृत्व नै छाडेर ज्यान जोगाउन केही समय सेनाको सुरक्षामा बसेका ओलीले बुधबारबाट सुरु भएको पार्टी केन्द्रीय कमिटी बैठकमा पेस गरेको ६ पन्ने विशेष प्रस्तावमा भदौ २३ पछिको विकसित राजनीतिक परिस्थितिबारे विश्लेषण गर्दै पार्टीका तर्फबाट दृष्टिकोण सार्वजनिक गरेका हुन् ।

आफ्नो प्रस्तावमा आफू नेतृत्वको सरकार वा पार्टीले कुनै गल्ती नगरेको दाबी गर्दै धेरै प्रतिकूलताका बिचमा सरकारले निष्ठापूर्वक धेरै काम गरेको चर्चा गरेका छन् ।

'हामीले सरकारमा रहेर वा पार्टीबाट नीतिगत वा व्यावहारिक रुपमा गल्ती गरेका थिएनौं, तर पनि विरोधीहरुले राम्रा कामको अनदेखा गर्ने मात्र होइन, सबै क्षेत्रमा नराम्रो मात्र भयो भन्ने, कुनै खास घटनामा आधारित भएर आलोचना वा विरोध नगरी गोलमटोल भाषामा सर्वत्र भ्रष्टाचार छ भन्ने भाष्य निर्माण गर्ने, लोकतान्त्रिक पार्टी र नेतामाथि घृणा फैलाउने काम र पक्षपोषण हुँदै आएकाले २३ गतेको घटना हुन गएको ओलीको विश्लेषण छ । ओलीले भ्रष्टाचारको अन्त्य र सुशासनको माग गर्दै २३ गते शान्तिपूर्ण आन्दोलनमा उत्रिएपनि विभिन्न प्रकारका स्वार्थी तत्व



र समूहहरुको घुसपैठले अवस्थालाई भड्काएर हिंसात्मक बनाएको हुनसक्ने ठहर गरेका छन् ।

'हामी स्पष्ट हुनुपर्दछ, जेनजी युवाहरुले राष्ट्रिय झण्डा ओढेर संसद् भवन, सिंहदरबार,सर्वोच्च अदालत लगायत सार्वजनिक सम्पत्ति र व्यक्तिको निजी सम्पत्तिमा आगो लगाउन सक्दैनन् र लगाएका होइनन्', ओलीको निष्कर्ष छ ।

१५ बुँदामा पछिल्लो राजनीतिक घटनाक्रमलाई विश्लेषण गरेका ओलीले भदौको २ दिने आन्दोलनपछि मुख्य राजनीतिक दलहरुबिच सहमति निर्माण गर्ने र कुनै पनि अर्थमा प्रतिनिधिसभा विघटन गर्न नहुने स्पष्ट र दृढ अडान राखेको समेत बताएका छन् ।

'तर त्यो सुझाव विपरीत संविधान बाहिरबाट सरकार गठन गरिएको छ। तसर्थ यो सरकार असंवैधानिक छ', ओलीले वर्तमान सरकारबारे आफ्नो दस्तावेजमा उल्लेख गरेका छन् । ओलीले त्यसरी बनेको सुशीला कार्की नेतृत्वको सरकारले गरेको प्रनिनिधिसभा विघटन असंवैधानिक मात्र नभएर अलोकतान्त्रिक रहेको भन्दै यसले राजनीतिक रिक्तताको स्थितिमा पुऱ्याएको र लोकतन्त्र विरोधी शक्तिलाई उत्साहित तुल्याएको ठहर गरेका छन् ।

❖ बाँकी पृष्ठ ४ मा

## आफ्नो ठाउँमा मन्त्री कार्कीको शक्ति प्रदर्शन

झापा(प्रस) । झापा बिर्तामोड- ८ गरामनी निवासी कोशी प्रदेश सरकारका खानेपानी , सिंचाई तथा ऊर्जामन्त्री एवं नेकपा एमालेका प्रदेश कमिटी सदस्य एकराज कार्कीले आफ्नो ठाउँमा शक्ति प्रदर्शन गरेका छन् ।

जेनजी आन्दोलनको प्रत्यक्ष मार खप्नु पर्दा आक्रोशित बनेका नेकपा एमालेका नेता कार्यकर्ताहरुले मंगलवार गरामनीमा विरोध प्रदर्शन गरेका हुन् । मन्त्री कार्कीको पकड क्षेत्र दावी गरिएको गरामनीमा जेनजी आन्दोलनका क्रममा २०२८ सालका झापा विद्रोहका शहीदहरुको शालिक तोडफोड गरिएको थियो । त्यस्तै बिर्तामोड नगरपालिकाको वडा नं ८ र ९ को संयुक्त वडा कार्यालय र मन्त्री कार्कीले नै अगुवाई गरेर बनाएको दुर्गा माविको व्यवसायिक भवनमा आगजनी गरिएको थियो । आन्दोलनका क्रममा मन्त्री कार्कीको घरमासमेत तोडफोड भएको थियो । नेकपा एमाले बिर्तामोड नगर कमिटीको आयोजना तथा नगर अध्यक्ष सुवास भट्टराईको अध्यक्षतामा नेता हरिचरण सिवाकोटीलगायत पार्टीका कार्यकर्ता ऱ्यालीमा सहभागी थिए । उनीहरुले 'भ्रष्टाचार छानबिन गर , बैदेशिक हस्तक्षेप बन्द गर , फरार कैदी बन्दी पक्राउ गर, कानुनी राज्यको सुनिश्चितता गर , नेकपा एमाले जिन्दावाद, वीर शहीदहरु अमर रहुन्' जस्ता नाराहरु लगाउँदै ऱ्यालीपछि कोणसभा गरेका थिए ।

# अन्ततः कार्यकारी भूमिकाबाट देउवाको बिदाइ

झापा(प्रस) । दशक लामो कांग्रेसको नेतृत्व सम्हालेका शेरबहादुर देउवा औपचारिक रुपमा मंगलबारदेखि पार्टीको कार्यकारी भूमिकाबाट बिदा भएका छन् ।

आगामी १५ औं महाधिवेशनमा विधानले उनलाई उम्मेदवार हुन दिने छैन तर देउवा स्वयंले भने केन्द्रीय कार्यसमितिको बैठकलाई सम्बोधन गर्दै मंगलबार अब आफू उम्मेदवार नहुने घोषणा गरे । पार्टीको १५ औं महाधिवेशन सम्पन्न गर्न देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यकारी सभापतिको जिम्मेवारी तोकेका छन् । महाधिवेशन सम्पन्न गर्न खड्कालाई जिम्मेवारी दिएसँगै पूर्ण रूपमा कार्यकारी भूमिकाबाट आफूलाई अलग राखेको सन्देश सभापति देउवाले दिएका छन् ।

जेन-जी आन्दोलनले राजनीतिमा उथलपुथल गराएसँगै देउवा आफ्नो उत्तराधिकारी खडा गर्न नपाउँदै पार्टी नेतृत्वबाट बिदा हुनुपऱ्यो । यदि, जेन-जी आन्दोलनले यो परिस्थिति निर्माण नगरेको भए एमाले-कांग्रेस समीकरणको सहमति अनुसार २०८३ असारमा आफू प्रधानमन्त्री भएपछि मात्रै पार्टीको महाधिवेशन गराउने दाउमा थिए उनी ।

जेन-जी आन्दोलनपछि देउवाले १५ औं महाधिवेशन सम्पन्न गराएर नेतृत्व हस्तान्तरण गर्ने सुरक्षित बाटोसमेत लिने प्रयास गरेका थिए । तर, पार्टीभित्र तत्काल नेतृत्वबाट हट्न उनीमाथि चर्को दबाब पऱ्यो । कांग्रेसका दुई महामन्त्री विश्वप्रकाश शर्मा र गगन थापाले भदौ २३ र २४ अगाडिको स्थिति र त्यसपछिको स्थिति एउटै नभएको भन्दै सार्वजनिक रुपमै नेतृत्वबाट अलग हुन आह्वान गरेका थिए । विशेष महाधिवेशनका लागि ५२ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसमेत गराए । आम कार्यकर्ताको भावना पनि देउवाले तत्काल बहिगर्मनको बाटो रोज्नुपर्नेमा देखियो । यी सबै दबाबका कारण देउवा आजको स्थितिमा आइपुगेका हुन् ।

नेतृत्व हस्तान्तरणका सवालमा देउवाले 'घरमा सधैं एकैजना मुली नरहने' भन्दै महामन्त्रीद्वय शर्मा र थापालाई लक्षित गरेर जवाफ पनि फर्काएका छन् । 'म साथीहरुलाई के आग्रह गर्न चाहन्छु भने घरमा सधैं एकै जना मुली रहँदैन, पार्टीमा पनि हमेसा एकै जना सभापति रहिरहँदैन। जहाँसम्म मेरो विषय छ- मैले पहिले नै हाम्रो वैधानिक व्यवस्थाले र मेरो राजनीतिक इच्छाले १५औं महाधिवेशनबाट पार्टी नेतृत्व विधिवत् रुपमा हस्तान्त्रण गर्छु भनिसकेको छु । आगामी १५औं महाधिवेशनबाट मबाहेक अरु कुनै साथी सभापति बन्नुहुनेछ त्यसमा द्विविधा छैन ।'

प्राविधिक रुपमा सभापतिमा उनी आफै हुने भए पनि अब फेरि पार्टीको कार्यकारी भूमिकामा उनी देखिने छैनन् । यद्यपि पार्टीभित्र आफ्नो समूहका नेताहरुको राजनीतिक सुरक्षाका लागि देउवाले बाहिरै बसेर पनि भूमिका भने निर्वाह गर्न सक्छन् । तर, ६० वर्ष लामो सक्रिय राजनीतिक जीवनबाट भने उनी अब अलग भएका छन् । उनको कार्यकारी भूमिकाका रुपमा मंगलबारको केन्द्रीय कार्यसमिति बैठक नै अन्तिम हुने देखिएको छ ।

कांग्रेस विभाजित हुँदा तत्कालीन प्रजातान्त्रिक कांग्रेसका सभापति भएका देउवा पार्टी एकीकरणपछि १० वर्षसम्म सभापति भए । तत्कालीन माओवादी जनयुद्ध नियन्त्रणका लागि ०५८ मंसिरमा आफ्नै नेतृत्वको सरकारले लगाएको संकटकाल बढाउने कि नबढाउने भन्नेमा भन्नेमा पार्टीभित्र तीव्र विवाद बढेपछि देउवाले ०५९ जेठमा पार्टी विभाजित गरेका थिए । त्यसपछि ०६४ असोजमा एकीकरण गरे ।

एकिकरणपछि भएको १२ औं महाधिवेशनमा तत्कालीन सभापति सुशील कोइरालासँग पराजित भएका देउवा त्यसपछि १३ र १४ औं महाधिवेशनमा सभापति निर्वाचित भए । उनी ०६२/०६३ को जनआन्दोलनअघिको व्यवस्थामा तीनपटक र त्यसपछिको गणतान्त्रिक व्यवस्थामा दुई पटक गरेर पाँचपटकसम्म प्रधानमन्त्री बन्न पुगेका थिए ।

## बुधवार पनि दुई लाखको पटाका बरामद



झापा(प्रस) । प्रहरीले बुधवार पनि दुई लाख मूल्यको पटाका बरामद गरेको छ । बिहान ९:१० बजे झापा गाउँपालिका ४ बेलाइतीवारी सीमा इलाकामा सशस्त्र प्रहरी बल नेपाल बिओपी टाघनडुब्बाबाट खटिएको गस्ती टोलीले भारतबाट अवैध रुपमा नेपालतर्फ ल्याउँदै गरेको १ लाख ५० हजार मूल्य बराबरको बिभिन्न प्रकारका २ बोरा पटाका बरामद गरेको हो । स्थानीय जनप्रतिनिधि तथा नेपाल प्रहरीको रोहवरमा कार्यालय परिसरभित्र खाल्डो खनेर ती पटाका नष्ट गरिएको सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हे.क्वा. झापाले जनाएको छ ।

त्यस्तै बुधवार बिहान १०:३० बजे गौरादह वडा नं.१ कृषिबजारमा इलाका प्रहरी कार्यालय गौरादहबाट खटिएको गस्ती टोलीले गौरीगंजबाट गौरादहतर्फ आउँदै गरेको तल्काल नम्बर नखुलेको मोटरसाइकलमा अबैध रुपमा लुकाई छिपाई ल्याउँदै गरेको २ बोरा आलुबम खोर्सने पटाका बरामद गरेको छ ।प्रहरी टोलीलाई देखेपछि सामान छाडी मोटरसाइकलसहित मानिसहरु फरार भएका थिए । अन्दाजी ५० हजार मूल्य बराबरको ती पटाका इप्रका गौरादहमा ल्याई राखिएको छ । मंगलवार मात्र झापामा एकैदिन आठ लाख बढीको पटाका बरामद भएको थियो ।

## विपिनलाई राष्ट्रले कहिल्यै बिर्सने छैनः प्रधानमन्त्री

झापा(प्रस)। प्रधानमन्त्री सुशीला कार्कीले विपिन जोशीको त्याग र बहादुरीलाई राष्ट्रले कहिल्यै बिर्सन नसक्ने बताएकी छन् । प्रधानमन्त्री कार्कीले बुधवार जारी गरेको समवेदनामा जोशीको त्याग र बहादुरीलाई राष्ट्रले कहिल्यै नबिर्सने उल्लेख छ ।

'उहाँ त अब हामीमाझ रहनुभएन, तर बन्धक हुनुपूर्वका अन्तिम क्षणमा उहाँले अभूतपूर्व साहस, बहादुरी र त्याग देखाएर अन्य कैयौँ साथीहरूको ज्यान बचाउनुभएको कुराले हामी सबैलाई उहाँप्रति सदा कृतज्ञ बनाएको छ,' समवेदनामा भनिएको छ, 'उहाँको यो वीरतापूर्ण कार्य, उहाँको जीवनको सबैभन्दा ठूलो विरासत हो, जसले उहाँलाई सधैँ नेपाली गौरवको प्रतीकका रूपमा जीवित राख्नेछ ।'



बन्धकमुक्त हुने दुई वर्षदेखिको अटुट आशा र सामूहिक प्रार्थनाबीच नेपाली विद्यार्थी विपिन जोशीको दुःखद् मृत्यु पुष्टि हुनेगरी मङ्गलबार आएको खबरले आफू स्तब्ध भएको उल्लेख गर्दै समवेदनामा भनिएको छ, 'यो हृदयविदारक समाचारले सबैलाई गहिरो पीडा दिएको छ, म यस कठिन घडीमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु, शोकाकुल परिवारजन र आफन्तहरूमा गहिरो समवेदना व्यक्त गर्दछु ।' समवेदनामा जोशी केवल एक विद्यार्थी मात्र नभई ज्ञानको खोजीमा विदेशिएका हजारौँ नेपाली युवाको उज्ज्वल प्रतिनिधि भएको प्रधानमन्त्री कार्कीले बताएकी छन् । 'उहाँको जीवन उत्साह, लगनशीलता र अरूलाई सहयोग गर्ने विनम्र स्वभावले भरिएको थियो, उहाँ सकुशल फर्किएर नेपालको विकासमा महत्वपूर्ण योगदान दिनुहुनेछ भन्ने हाम्रो कामना थियो,' उनले भनिन् ।

## सीमाबाट १.१९२ केजी ब्राउनसुगरसहित दुई पक्राउ



झापा(प्रस) । नेपाल-भारत सीमाबाट १.१९२ केजी ब्राउनसुगरसहित दुईजना कारोबारी पक्राउ परेका छन् । भारतको गलगलियामा अखडा खडा गरी नेपालमा लागूऔषध आपूर्ति गर्दै आएका दुई भारतीय कारोबारीलाई भारतकै सुरक्षाकर्मीले बुधवार बिहान पक्राउ गरेका हुन् । पक्राउ पर्नेहरुमा विहार जिल्ला किशनगञ्ज गलगलिया थाना लकडी डिपो गाउँ बस्ने १९ वर्षीय मोहम्मद सौरभ र सोही ठाउँका ५० वर्षीय मोहम्मद मुस्ताक रहेका छन् । उनीहरुको साथबाट प्याकिङसहित १.१९२ केजी ब्राउन सुगर ,नेपाली मुद्रा ४ लाख ५१ हजार १७५ ,भारतीय मुद्रा ८३ हजार १९९ , विभिन्न ब्राण्डका स्मार्टफोन ७ थान, किप्याड फोन २ थान,चाँदीका सिक्का दुईवटा , डिजिटल तराजु २ थान र नाइट्राजेपाम ट्याव्लेट १६८ थान बरामद भएको छ । ४१ औ बटालियन एसएसबी भातगाउँ र गलगलिया प्रहरीको संयुक्त कार्वाहीमा ठूलो परिमाणमा लागूऔषध बरामद भएको थियो । प्रहरी अधीक्षक सागर कुमारको नेतृत्वमा लागूऔषधविरुद्ध अभियान चलाइएको हो । गलगलिया थानाध्यक्ष राकेश कुमारको नेतृत्वमा गलगलिया क्षेत्रमा लागूऔषध कारोबारी विरुद्धको लगातार कारवाहीमा एक दर्जनभन्दा बढी कारोबारी जेल भइसकेका छन् ।

# कोशी प्रदेश सरकारले फजुल खर्चमा लगायो रोक

झापा(प्रस) । कोशी प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ल्याएको ३५ अर्ब ८७ करोड ९९ लाखको बजेटमा अनुमानित आय ३० अर्ब ३६ करोड रुपैयाँ थियो, तर अब प्रदेश सरकारले त्यसलाई सच्याउँदै यस्तो आय २२ अर्ब ८८ करोडमा सीमित हुने अनुमान गरेको छ ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र असोज १८ गतेदेखि २० गतेसम्मको प्राकृतिक विपत्तिपछि कोशी प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले चालु आर्थिक वर्षको बजेट व्यवस्थापन सम्बन्धी प्रतिवेदन पारित गर्दै यस्तो अनुमान गरेको हो । उक्त प्रतिवेदनमा प्रदेशलाई बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कमा २० प्रतिशत, समानीकरण अनुदानमा २५ प्रतिशत र प्रदेश स्रोतमा ५० प्रतिशत कटौती हुने उल्लेख छ ।

यसरी कटौती हुँदा चालु आर्थिक वर्षको संशोधित आय अनुमान जम्मा २२ अर्ब ८८ करोड ४३ लाख ५० हजारमात्रै हुनेछ । सबैभन्दा ठुलो धक्का प्रदेशको आफ्नै आन्तरिक स्रोतमा लागेको छ । सवारी चालक अनुमति पत्र, सवारी दर्ता, घरजग्गा रजिस्ट्रेसन शुल्कजस्ता मुख्य आय सङ्कलन गर्ने कार्यालयहरूमा क्षति पुगेकाले ५ अर्ब ५० करोडको अनुमानबाट ५० प्रतिशत कटौती भई जम्मा २ अर्ब ७५ करोडमात्र सङ्कलन हुने अनुमान छ ।



उक्त स्रोतको व्यवस्थापनका लागि अपुग ७ अर्ब ४७ करोड ५६ लाख ५० हजार रुपैयाँ सरकारले चालु तथा पुँजीगततर्फका ४५ शीर्षकबाट बजेट कटौती गर्ने भएको छ । यो कदम चाल्न प्रदेश सरकारलाई बाध्यात्मक अवस्था बनेको आर्थिक मामिला तथा योजना मन्त्रालयका निमित्त सचिव सुशील बाँस्तोला बताउँछन् । 'अहिले नै खर्चमा रोक नलगाएपछि ट्रेजरी (सरकारी कोष) मै असर पर्न सक्ने जोखिम देखिएकाले यो सावधानी अपनाइएको हो,' उनले भने ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन तथा विरोध प्रदर्शनले प्रदेशका थुप्रै संरचनालाई क्षति पुऱ्याएको थियो । यस क्रममा सरकारी संरचना, सवारी साधन र अन्य भौतिक सम्पत्तिमा आगजनी, तोडफोड र लुटपाट हुँदा अर्बौंको क्षति भयो । राजस्व सङ्कलन गर्ने प्रमुख निकायहरू मालपोत र यातायात कार्यालयहरूमा भएको क्षतिले प्रदेशको आन्तरिक आयको मेरुदण्ड कमजोर बनाएको थियो ।

उक्त सङ्कट समाधानका लागि तयारी गरिरहँदा पुनः असोज १८ देखि २० गतेसम्मको अविरल वर्षाले प्रदेशका विभिन्न स्थानमा बाढी र पहिरोको विपत्ति ल्यायो । यस प्राकृतिक प्रकोपले मानव र पशुधनको क्षतिमात्र गरेन, प्रदेशको पूर्वाधार संरचनालाई थप तहसनहस बनाइदियो । जसले गर्दा प्रदेशको बजेटमा भारी गिरावट हुने अनुमान गरिएको बाँस्तोला बताउँछन् ।

प्रतिवेदन अनुसार अनिवार्य दायित्वहरू (तलब, भत्ता, अनुदान) बाहेक खर्च कटौती गर्न सकिने रकम २४ अर्ब ५५ करोड ३७ लाख ३६ हजार रुपैयाँ छ । यही रकमबाट ७ अर्ब ४७ करोड ५६ लाख ५० हजार

❖ बाँकी पृष्ठ ४ मा

# नेपाल ट्वान्टी–२० विश्वकपमा



झापा(प्रस)। नेपाल लगातार दोस्रो पटक ट्वान्टी-२० विश्वकपमा छनोट भएको छ । ओमानसँग बुधबार ट्वान्टी-२० विश्वकप एसिया-इष्ट एसिया प्यासिफिक छनोटको सुपर सिक्स खेल खेल्नुअगाडि नै नेपाल र ओमान दुवैले ट्वान्टी-२० विश्वकपको टिकट काटेका हुन् । ओमानको मस्कटमा भइरहेको प्रतियोगिताको बुधबारको दुवै खेलमा आफू अनुकूल नतिजा आएपछि नेपाल र ओमान ट्वान्टी-२० विश्वकपका लागि छनोट भएका हुन् ।
दिनको खेलमा कतारले जापानलाई ३ विकेटले र यूएईले सामोआलाई ७७ रनले पराजित गरेपछि नेपाल र ओमान लगातार दोस्रोपटक विश्वकपमा पुगेका हुन् । २०२३ मा काठमाडौंमा भएको एसिया छनोटको शीर्ष दुई स्थानमा रहँदै नेपाल र ओमान विश्वकपमा पुगेका थिए । नेपाल लगातार दोस्रो पटक ट्वान्टी-२० विश्वकपमा पुगेको हो । सन् २०१४ मा बंगलादेशबाट नेपालले ट्वान्टी-२० विश्वकपको ढोका खोलेको थियो । १० वर्षपछि ट्वान्टी-२० विश्वकपमा पुनरागमन गर्नेक्रममा नेपालले गत वर्ष अमेरिका र वेस्ट इन्डिजमा भएको विश्वकप खेलेको थियो । ट्वान्टी-२० विश्वकप २००७ देखि सुरु भएको हो । नेपालले २००७ देखि नै यसको छनोट खेल्दै आएको छ । फेब्रुअरी ७ देखि मार्च ८ सम्म भारत र श्रीलंकामा २० राष्ट्र सम्मिलित आईसीसी ट्वान्टी-२० विश्वकपको १० औं संस्करण आयोजना हुँदै छ । नेपाल र ओमान आउँदो संस्करणका लागि छनोट हुने क्रमशः १८ र १९ औं राष्ट्र हो । भारत र श्रीलंका आयोजक राष्ट्र भएका कारण ट्वान्टी-२० विश्वकपमा सोझै छनोट भएका हुन् । गत वर्षको ट्वान्टी-२० विश्वकपबाट अफगानिस्तान, अस्ट्रेलिया, बंगलादेश, इंग्ल्यान्ड, दक्षिण अफ्रिका, अमेरिका, वेस्ट इन्डिजले तथा आईसीसी वरीयताबाट आयरल्यान्ड, न्युजिल्यान्ड, पाकिस्तानले भारत र श्रीलंकामा हुने ग्लोबल इभेन्टमा आफ्नो स्थान सुरक्षित गरेका थिए ।

क्षेत्रीय छनोटमा अमेरिकी क्षेत्रबाट क्यानडा, युरोपबाट नेदरल्यान्ड्स र इटाली तथा अफ्रिकाबाट जिम्बावे र नामिबिया ट्वान्टी-२० विश्वकपमा पुगेका थिए । ओमानमा भइरहेको प्रतियोगिताले ट्वान्टी-२० विश्वकपमा पुग्ने थप एक टोलीको निर्क्यौल गर्नेछ । त्यसमा यूएई, सामोआ, कतार र जापानको सम्भावना रहेको छ । नेपालले शुक्रबार सामोआसँग सुपर सिक्सको अन्तिम खेल खेल्नेछ । नेपालले अन्तिम दुई खेलमा ओमान र सामोआलाई पराजित गरेमा नेपालले ट्वान्टी-२० विश्वकप एसिया-इष्ट एसिया प्यासिफिक छनोटको उपाधि जित्ने छ ।

# तिहारमा भाइमसलाको मूल्य बढ्दै

झापा(प्रस)। तिहारमा दिदीबहिनीले दाजुभाइलाई टीका लगाएर भाइमसला दिने चलन छ । भाइमसलामा ओखर, नरिवल, काजु, बदाम, पिस्ता, किसमिसलगायत वस्तु प्रयोग हुन्छ । यो सेलरोटी, मिठाई र फलफूलसँगै दिइन्छ ।
भाइमसलामा आयातित ड्राइफ्रुट्सको हिस्सा धेरै हुँदा जथाभाबी मूल्य तिर्नुपर्नेमा मारमा उपभोक्ता छन् । काजु, बदाम, पिस्ता, किसमिस, दन्ते ओखर आयातमै निर्भर हुनु परेको छ भने ओखर र नरिवल नेपालमा पनि उत्पादन हुन्छ ।
ड्राइफ्रुट्स नियमित समयभन्दा तिहारमा खपत बढ्ने गरेको छ । खपत बढ्ने भएकाले व्यवसायीहरूले पनि जथाभाबी रूपमा मूल्य बढाएर बिक्री गर्ने गरेको गुनासो आउने गरेका छन् । यो वर्ष भाइमसलाको रूपमा प्रयोग हुने ड्राइफ्रुट्स केहीको मूल्य सामान्य बढेको छ भने केहीको घटेको छ ।
थोक किराना व्यवसायी संघका



अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठका अनुसार पिस्ता र नरिवलमा मूल्य वृद्धि भएको बताउँछन् । श्रेष्ठका अनुसार नरिवलमा १० देखि १५ प्रतिशत वृद्धि भएको छ । पिस्तामा प्रतिकिलो ५ सय रुपैयाँसम्म वृद्धि भएको छ । 'सात-आठ महिनाअघि १४ सय रुपैयाँ पर्ने पिस्ता अहिले १९ सय रुपैयाँ पुगेको छ । अन्य ड्राइफ्रुट्समा केहीको मूल्य घटेको छ भने केहीको यथावत् छ,' उनी भन्छन् ।
अघिल्लो वर्ष १७ सय रुपैयाँ प्रतिकिलो पर्ने बदाम अहिले बजारमा ११ सयदेखि १२ सय रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको छ । यस्तै, काजुको मूल्य १५ सयदेखि १६ सय रुपैयाँ प्रतिकिलो रहेको छ । किसमिसको मूल्य ५५० रुपैयाँसम्म प्रतिकिलो रहेको उनले बताए ।
बदामको मूल्य ११ सयदेखि १२ सय रुपैयाँ प्रतिकिलोको हाराहारीमा रहेको छ, तर यस वर्ष दुई प्रकारका बदाम उपलब्ध भएकाले एउटा प्रजातिको मूल्य १४ सय रुपैयाँसम्म छ । यद्यपि, बदामको मूल्य गत वर्षको तुलनामा घटेको श्रेष्ठ बताउँछन् ।

# माईका बाढीपीडितलाई सिम्रिक साकोसको राहत

झापा(प्रस) । सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.ले इलाम जिल्लाका बाढीपीडित सदस्यहरुलाई राहत उपलब्ध गराएको छ । संस्थाले माई नगरपालिका कार्यक्षेत्र अन्तर्गतको सितली सेवाकेन्द्रका १६ जना सदस्यलाई राहत उपलब्ध गराएको हो । केही दिन अगाडिको अबिरल वर्षासँगै आएको पहिरोमा परि घरबारविहीन बनेका सदस्यहरुलाई सामाजिक उत्तरदायित्व वहन गर्दै संस्थाले खाद्यान्नसहितका सामग्रीहरु हस्तान्तरण गरेको संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले जानकारी दिए । संस्थाले



माई नगरपालिकाको सितली बजारमा एक संक्षिप्त कार्यक्रमका बीच पीडित सदस्यलाई राहत प्रदान गरेको हो । माई नगरपालिका २ का वडाध्यक्ष उर्दबहादुर राईको उपस्थितिमा पीडित सदस्यलाई कार्यकारी प्रमुख बस्नेत, संस्थाका सचिव इन्द्रबहादुर कार्की, कोषाध्यक्ष मेहरमान बिष्ट, जनसम्पर्क अधिकारी विजय बस्नेत, आई.टी. अधिकृत विजय पाण्डे, सेवाकेन्द्र प्रमुख भानुभक्त गौतमलगायतले चामल, दाल, नुन, तेल लगायतका सामाग्री प्रदान गरेका थिए । त्यसैगरी संस्थाले चार दिनअघि झापाको झापा गाउँपालिकामा बाढीबाट विस्थापित बनेका नागरिकलाई पनि स्थानीय तह तथा प्रशासनको समन्वयमा राहत उपलब्ध गराएको थियो । संस्थाले झापा गाउँपालिकामा बाढीबाट पीडित बनेका आफ्ना सदस्यलाई पनि केही दिनभित्रमै राहत उपलब्ध गराउने जनाएको छ । झापाको विर्तामोड ४ मा मुख्य कार्यालय रही झापा, इलाम, पाँचथर र मोरङ जिल्लाका ४६ सेवाकेन्द्रमार्फत संस्थाले सेवा प्रवाह गर्दै आएको छ । बचत र ऋणको कारोबार मात्र नभई संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत वार्षिक रुपमै कार्ययोजना बनाएर विभिन्न कामहरु गर्दै आइरहेको छ ।

# संसद् पुनर्स्थापना नगरौं–शाही

झापा(प्रस)। प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले संसद् पुनर्स्थापनाको विषयमा राष्ट्रिय सहमति जुटाउनका लागि बोलाएको प्रमुख राजनीतिक दलहरूको बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रवक्ता ज्ञानेन्द्र शाहीले कठोर सर्तसहित सुझाव राखेका छन् ।
उनले देशमा गहिरिँदै गएको राजनीतिक अस्थिरता र जनअसन्तुष्टिको मूल कारण संरचनागत त्रुटिहरू भएको भन्दै जेनजीका माग पूरा गर्ने सुनिश्चितता भएपछि मात्र संसद्



पुनर्स्थापनाको मुद्दा लिएर अघि बढ्न सभामुखलाई आग्रह गरे । सभामुख घिमिरेले राजनीतिक दललाई बोलाएर संसद् पुनर्स्थापनाको आवश्यकता र प्रक्रियाबारे छलफल गरेका थिए ।
सोही क्रममा राप्रपाका तर्फबाट सहभागी भएका प्रवक्ता शाहीले सांसदलाई निरन्तरता दिने वा पुनर्स्थापना गर्नेभन्दा पनि देशलाई सही दिशा दिनका लागि आधारभूत सुधार आवश्यक रहेको धारणा राखे ।
प्रवक्ता शाहीले वर्तमान राजनीतिक प्रणालीको असफलतालाई औंल्याउँदै देशले भोगिरहेको अस्थिरता, भ्रष्टाचार र कमजोर शासनलाई समाधान गर्नका लागि ८ बुँदे संरचनागत सुधारको खाका प्रस्तुत गरे। राप्रपाले यी मागहरू पूरा गर्ने प्रतिबद्धता सांसदबाट नआएसम्म पुनर्स्थापनाको प्रक्रिया रोक्न अडान लिएको छ।

# दुर्घटनामा तीन जनाको मृत्यु



झापा(प्रस) ।
विराटनगरबाट धनकुटाको महालक्ष्मी नगरपालिकास्थित जितपुर जाँदै गरेको बस बुधबार दिउँसो धनकुटाको निगालेमा दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।
प्रदेश १०२००१ ख ९६०६ नम्बरको बस दुर्घटनामा परेको हो । मृत्यु हुनेमा महालक्ष्मी-७ की गंगा कार्की र अर्का एक पुरुष छन् । दुर्घटनामा ६ जना यात्रु घाइते भएका छन्। घाइतेहरूको धनकुटा जिल्ला अस्पतालमा उपचार भइरहेको छ । एक जनाको अवस्था गम्भीर रहेको अस्पताल स्रोतले जनाएको छ ।
यता पाँचथरको हिलिहाङ गाउँपालिका-७ अम्वेजनीमा सवारी दुर्घटना हुँदा एकजनाको ज्यान गएको छ ।

तमोर करिडोर भएर भारपादेखि पञ्चमीतर्फ जाँदै गरेको ना २ च १६५१ नम्बरको पिकअप दुर्घटनामा एकजनाको मृत्यु भएको घटनास्थल पुगेका हिलिहाङ गाउँपालिकाका कार्यपालिका सदस्य वीरेन्द्र मग्रातीले जानकारी दिए ।जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी निरीक्षक रुपेश तामाङले घटनाको जानकारी पाएलगत्तै त्यसतर्फ प्रहरी पठाइएको बताए ।

# प्रधानमन्त्री कार्कीको प्रेस संयोजकमा रावल नियुक्त



झापा(प्रस)। प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो प्रेस संयोजकमा पत्रकार राम रावललाई नियुक्त गरेकी छन् । प्रधानमन्त्री कार्कीको सचिवालयले रावललाई प्रेस संयोजक नियुक्त गरेको पुष्टि गरेको छ । २०६० सालबाट पत्रकारिता सुरू गरेका रावलले दृष्टि साप्ताहिक, नेपाल साप्ताहिक, कान्तिपुर टेलिभिजन, नेपाल खबर लगायतमा काम गरेका थिए ।

# इक्यान झापाको चौथो अधिवेशन कात्तिक १४ मा

बिर्तामोड(प्रस) । नेपाल शैक्षिक परामर्श संघ (इक्यान झापा)को चौथो अधिवेशन तथा सातौं साधारण सभा यही कात्तिक १४ गते हुने भएको छ ।
शैक्षिक परामर्शका रुपमा काम गर्दै आएका झापाका शैक्षिक परामर्शदाताहरुको साझा संस्थाको रुपमा रहेको इक्यान झापाले दुई वर्षे कार्यकालका लागि नयाँ नेतृत्व समेत चयन गर्ने इक्यान झापाका अध्यक्ष रोशन सुवेदीले जानकारी दिए ।
इक्यान झापामा करिब ५० भन्दा धेरै कन्सल्टेन्सी ब्यवसायीहरु आवद्ध रहेका छन् ।

ज्ञ शैक्षिक परामर्शदाताको रुपमा काम गर्दै आएको इक्यान झापाले सामाजिक उत्तरदायित्वअन्तर्गत पनि विभिन्न कामहरु गर्दै आएको छ । चौथो अधिवेशन तथा सातौं साधारण सभाको अवसरमा रक्तदान कार्यक्रम समेत आयोजना गरिएको अध्यक्ष सुवेदीले जानकारी दिए ।
बिर्तामोडस्थित होटल सिद्धार्थ ग्राण्डमा हुने अधिवेशनको तयारी शुरु गरिएको इक्यान झापाका सचिव अशोक भण्डारीले जानकारी दिए । परामर्श ब्यवसायीहरुलाई मर्यादित बनाउँदै आफ्नो ब्यवसाय सञ्चालन गर्ने उद्धेश्यका साथ इक्यान झापाको गठन भएको थियो । उच्च शिक्षा अध्ययनका लागि विश्वका विभिन्न विश्वविद्यालयमा जान चाहने विद्यार्थीहरुलाई शैक्षिक परामर्श दिदैं आएको कन्सल्टेन्सीहरुलाई ब्यवस्थित गर्ने उद्धेश्यले नेपाल शैक्षिक परामर्श संघको गठन भएको हो ।
इक्यान झापाको संस्थापक अध्यक्ष सुमन शर्मा जम्मरकटेल हुन् भने निवर्तमान अध्यक्ष मिलन ओली रहेका छन् । आगामी नेतृत्व समेत सर्वसम्मत रुपमा चयन गर्ने र सहमति, सहकार्य र एकताको सन्देश सबैलाई प्रवाह गर्ने काम इक्यान झापाले गर्ने जनाइएको छ ।

## सत्ताच्यूत...

'हाम्रो पार्टी असंवैधानिक र अलोकतान्त्रिक ढंगले गरिएको प्रतिनिधिसभा विघटनप्रति आपत्ति व्यक्त गर्दछ र तत्काल पुनर्स्थापना हुनुपर्दछ भन्ने कुरामा जोड दिन चाहन्छ', ओलीले भने । यही अवस्थामा फागुन २१ को चुनाव नस्वीकार्ने प्रस्ट संकेत पनि उनले गरेका छन् । सुशीला कार्की नेतृत्वको सरकारले बनाएको छानबिन आयोगका सम्बन्धमा ओलीले उक्त घटनाको स्वतन्त्र र निष्पक्ष छानबिन हुनुपर्ने, तर यति ठुलो छानबिनको नेतृत्व जसलाई सुम्पिएको छ, त्यसबाट त्यो सम्भव नहुने भन्दै प्रश्न उठाएका छन् ।'जो राजनीतिक दल, नेतृत्व र प्रक्रियाप्रति गम्भीर पूर्वाग्रह र दूषित धारणा राख्छन्,जसले यसअघि नै तत्कालीन प्रधानमन्त्री लगायत राजनीतिक नेतृत्वप्रति आफ्नो फैसला सुनाइसकेका छन्', ओलीले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ अयोगप्रति कटाक्ष गर्दै भने ।
नयाँ सरकार गठनपछि मुलुकको शान्ति सुरक्षाको स्थिति जोखिमपूर्ण बनेको भन्दै ओलीले सुरक्षाकर्मीका झण्डै १२ सय हतियार खोसिएको, एक लाख गोली अझै अपराधीहरुसँगै रहेको तथा ५ हजारभन्दा बढी कैदी जेलबाहिर रहेकाले समाजमा त्रास र भयको अवस्था रहेको बताए । 'मारिएका र घाइते साथीहरु, लुटिएका हतियार, ध्वस्त संरचनाका कारण प्रहरीको मनोबल टुटेको छ । बर्बर हत्या एवं आक्रमणका घटनाहरु बढिरहेका छन् । सरकार शान्ति सुरक्षा कायम गर्न असमर्थ छ', ओलीले भने ।
भ्रष्टाचार नियन्त्रण र सुशासन कायम हुनुपर्छ भन्ने जेनजी युवाहरुको माग सकारात्मक भएको भन्दै ओलीले अपेक्षित मात्रमा भ्रष्टाचार नियन्त्रण हुन नसकेको स्वीकार गरेका छन् ।
ओलीले राष्ट्रियता, लोकतन्त्र र संविधान पक्षधर सबै राजनीतिक दल, देशभक्त र नागरिक समाजलाई यी उपलब्धिको रक्षा र पुनर्बहालीका लागि एकतावद्ध भएर अगाडि बढ्न आह्वान गरे । उनले पार्टीभित्र समेत सुदृढ एकतामा जोड दिएका छन् ।
'हालै बसेको केन्द्रीय सचिवालयको बैठकले गम्भीर, खुलाखुलस्त र व्यापक छलफलपश्चात केही महत्वपूर्ण निष्कर्षहरु निकालेको छ', ओलीले भने, 'मुलुकको असहज परिस्थितिमा पार्टीको एकतालाई थप सुदृढ र उच्च बनाएको छ ।' देशलाई संविधान र लोकतन्त्रको मार्गमा फर्काउन आन्दोलनको विकल्प नदेखेका ओलीले आगामी दिनमा जनपरिचालन र जनआन्दोलनका विभिन्न कार्यक्रम तय गर्दै अघि बढ्न सिंगो पार्टीपंक्ति, लोकतन्त्रपक्षधर र राजनीतिक दलसहित आम नागरिकलाई आह्वान गरेका छन् । पार्टी नेतृत्व छाड्न दबाब परिरहेका बेला ओलीले आगामी मंसिर अन्तिम साता पार्टीको ११ औं राष्ट्रिय महाधिवेशनको म्यान्डेटअनुसार नयाँ नेतृत्व चयन हुने प्रष्ट बताएका छन् । एमालेको केन्द्रीय कमिटी बैठकको पहिलो दिन ५० जना सदस्यले धारणा राखेका छन्। बुधबारबाट ललितपुरमा सुरु बैठकको पहिलो दिन अध्यक्ष केपी ओलीको मुलुकको राजनीतिक परिस्थिति र हाम्रो नीति विषयक विशेष प्रस्तावमाथि ५० जना सदस्यले धारणा राखेको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए।
धारणा राख्ने सदस्यहरूले जेनजी आन्दोलनका क्रममा भएका घटना, अन्तरिम सरकार गठनको प्रक्रियाका साथै संसद् विघटनका विषयमा आवश्यक सुझाव आएको उनले बताए।त्यसैगरी नयाँ सरकार गठनका समयमा निवर्तमान प्रधानमन्त्री ओलीले दिएको सुझावलाई तोडमोड गरिएको लगाएत धारणा आएको गौतमले बताए। सदस्यहरूलाई धारणा राख्नका लागि तीन मिनेटको समय दिइएको र लिखित सुझाव राख्न सक्ने व्यवस्था समेत गरिएको उनले जानकारी दिए। करिब ३६० सदस्यमध्ये ५० जनाले धारणा राखेकाले केन्द्रीय कमिटीको बैठक केही दिन चल्ने प्रचार विभाग प्रमुख गौतमले जानकारी दिए। बैठक बिहीबार बिहान ८ बजे पुनः बस्ने उनले बताए।

## कोशी...

रुपैयाँ कटौती गर्नुपर्नेछ, जुन कटौती गर्न सकिने बजेटको करिब ३०.४ प्रतिशत हुन आउँछ । यद्यपि प्रतिवेदनले कम्तीमा २५ प्रतिशतमात्रै खर्च व्यवस्थापन गर्नुपर्ने उल्लेख गरेको छ ।
सरकारले खर्च कटौतीका लागि ४५ वटा खर्च उपशीर्षक पहिचान गरेको छ र दर्जनौं कार्यक्रम तथा क्रियाकलाप रोक्ने वा स्थगित गर्ने कडा निर्देशन जारी गरेको छ । कर्मचारी र पदाधिकारीको बैठक भत्ता, इन्धन (पदाधिकारी र कार्यालय प्रयोजन), सवारी साधन मर्मत, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका छपाइजस्ता खर्चमा कटौती गरिनेछ ।

यस्तै सेवा तथा परामर्श, कर्मचारी तालिम, सिप विकास, गोष्ठी, अनुगमन, मूल्याङ्कन र भ्रमण खर्चजस्ता अनुत्पादक मानिएका क्षेत्रमा भारी कटौती गरिनेछ । घर भाडा, फर्निचर, मेशिनरी औजार तथा सवारी साधन खरिदजस्ता पुँजीगत प्रकृतिका साधारण खर्चलाई पूर्णतः निरुत्साहित गरिनेछ ।
चालु आर्थिक वर्षमा नयाँ आयोजनाका लागि बहुवर्षीय स्रोत सहमति पनि नदिइने प्रतिवेदनमा उल्लेख छ। गैर-आवासीय भवन निर्माण/खरिद, जग्गा प्राप्ति, सडक तथा पुल निर्माणजस्ता ठुला पूर्वाधार आयोजनाहरू अत्यावश्यक बाहेक अघि नबढाउने, डीपीआर, अध्ययन, अनुसन्धान र सर्वेक्षणका लागि विनियोजित बजेट कार्यान्वयनमा रोक लगाइएको छ । निर्माण कार्यमा रहेको कन्टिन्जेन्सी रकमको सीमालाई ३ प्रतिशतमा झारिएको छ ।
यस्तै विभिन्न सभा, सम्मेलन, महोत्सव, खेलकुद समेतका आयोजना र क्रियाकलाप रोकिएको छ । अन्तरप्रदेश भ्रमण, अध्ययन अवलोकन र अनुभव आदान-प्रदान जस्ता कार्यक्रमहरू बन्द गरिएका छन् । सूचना प्रकाशन तथा छपाइ (पर्चा, पम्प्लेट, ब्रोसर, शुभकामना सन्देश) जस्ता कार्यहरू अत्यावश्यक बाहेक पूर्ण रूपमा रोकिएको छ । यस्तै स्वीकृत दरबन्दीबाहेक अस्थायी तथा करारमा नयाँ कर्मचारी भर्ना नगर्ने, विद्यमान जनशक्तिबाटै काम हुन सक्ने अवस्थामा बाह्य सेवा वा परामर्श लिन पूर्णतः रोक लगाउने निर्णय प्रदेशले गरेको छ ।



कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# व्यवसायीलाई दुःख नदेऊ

आर्थिक मन्दीले निजी क्षेत्र प्रत्यक्ष प्रभावित भएको थियो । यस्तोमा भदौ २३ र २४ गतेको जेनजीको आन्दोलनले यो क्षेत्र तहसनहस भइसकेको छ । आफूलाई जेनजी भन्नेहरूको एउटा समूहले १० प्रतिशत सेयर नदिएसम्म भोटेकोसी जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन गर्न नदिने धम्की दिएपछि आयोजना बन्द गरिएको छ । सिन्धुपाल्चोकका अरू आयोजनामा पनि यस्तै धम्की पत्र पठाइएपछि आयोजनाका सञ्चालकहरू त्रसित बनेका छन् । सरकारले सुरक्षा दिन नसकेको उनीहरूको गुनासो छ ।

भाटभटेनी सुपरस्टोरका शाखाहरूलगायत देशका प्रतिष्ठित उद्योगी व्यवसायीको निजी सम्पत्तिमा जेनजी आन्दोलनका नाममा भएको लुटपाट र तोडफोडका कारण देशका सबै उद्यमी व्यवसायीहरू यसै संत्रस्त छन् । उता गृह मन्त्रालयले सार्वजनिक तथा निजी सम्पत्तिमा लुटपाट, तोडफोड र आगजनी गर्नेहरूमाथि कारबाही नगर्न परिपत्र गरेपछि उद्यमी व्यवसायीहरूको यसै मन मरेको थियो ।

त्यसमाथि यसरी आयोजनाहरूमा जेन–जीकै नाममा धम्की दिएर 'दोहन' गर्न थालिएपछि देशको अर्थतन्त्र थप ऋणात्मक हुने निश्चितै छ । साथै, यस्तो अवस्था धेरै समय रहेमा वैदेशिक लगानी त सपना नै हुनेछ देशकै निजी क्षेत्रले पनि लगानी गर्ने आँट गर्ने छैन । अर्थात्, मुलुक बर्बाद गराउन अरू उपाय अपनाउनै परेन ।

यसैले सरकारले र कतै जेनजीका नाममा आन्दोलन आह्वान गर्ने समूहका नेता पनि छन् भने तिनले मौका छोपेर यसरी दोहन गर्ने गिरोहलाई बेलैमा नियन्त्रण गर्नुपर्छ । अहिले जलविद्युत् आयोजनामा सित्तैमा सेयर खोज्नेहरूलाई नियन्त्रण गरिएन भने भोलिका दिनमा अरू उद्योग र व्यवसायमा पनि सेयर माग्न थाल्नेछन् । त्यतिबेला स्थिति नियन्त्रण गर्न नसकिने गरी भयावह हुनेछ ।

सम्भवतः लुटपाट, तोडफोड र आगजनी गर्नेहरूलाई 'उन्मुक्ति' दिएको अर्थ लाग्ने गरी गृह मन्त्रालयले परिपत्र नगरेको भए पछिल्ला वितण्डाहरू मच्चिने थिएनन् । यसैले अब मन्त्रिपरिषद्ले नै दण्डहीनता सह्य नहुने र निजी सम्पत्तिको पनि रक्षा गर्ने कर्तव्यबाट राज्य नचुक्ने विश्वास जनतालाई दिलाउनु पर्छ ।

यसभन्दा पहिले २०६२/६३ पछि तत्कालीन विद्रोही नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को भ्रातृ संगठन 'योङग कम्युनिस्ट लिग (वाईसीएल),यस्तै गतिविधिमा संलग्न हुँदा तत्कालीन सरकारले नियन्त्रण गर्न हिचकिचाउँदा भएको हानि स्मरणीय छ ।




# प्रशासनिक आचरण सुधारका क्षेत्र



• गोपीनाथ मैनाली

अहिले सार्वजनिक क्षेत्रमा नैतिकता र सदाचारको आवश्यकता बढेर गएको छ किनकि सर्वसाधारणको अनुभूतिमा व्यावसायिक सदाचारको स्तर निकै खस्किएको छ । सर्वसाधारण स्तरीय सेवा र सेवामैत्री व्यवहारको अपेक्षामा छन् तर त्यसप्रतिको तत्परता सार्वजनिक क्षेत्रमा देखिएको छैन । संस्थाहरूको कर्मचारीतन्त्रीकरण र सेवा वितरणमा राजनीतिकरणले प्रशासनयन्त्र पक्षपाती देखिएको छ । को नैतिक र को चाहिँ कम नैतिक भन्न सकिने अवस्था छैन । नैतिकता र उच्च इमानदारिता देखाउनुपर्ने पदाधिकारीमाथि बारम्बार नैतिक आचरणका प्रश्न उठिरहेका छन् । यस अवस्थामा सार्वजनिक प्रशासनमा व्यावसायिक शुद्धीकरण गरी नैतिक आचरणलाई संस्थागत गर्नुको विकल्प छैन तर कसरी ? यो नै अहिलेको ज्वलन्त चुनौती हो । प्रशाासनमाथि हुने आलोचनालाई उत्तर दिन पनि जिम्मेवारीमा रहेका कर्मचारीमा असल व्यवहार र नागरिकमैत्री भावना देखिनु पर्छ ।

सार्वजनिक प्रशासनमा व्यावसायिक सदाचारिता प्राप्त गर्न योग्यतामूलक कर्मचारी, अनुशासन र आचारसंहिताको व्यवस्था, कार्यप्रक्रियाको परादर्शिता, जवाफदेहिता, आन्तरिक नियमन र नागरिक विवेचना पद्धतिका विधि अवलम्बन गरिन्छन् । नागरिक विवेचना पद्धतिबाहेक अन्य विधि तथा संयन्त्रको व्यवस्था नेपालमा पनि छ । जनताका अनुभूत गर्ने तहमा प्रशासनको व्यवहारले सेवाग्राहीले सास्ती महसुस गरिरहेका छन् । प्रशासनिक सास्तीबाट जनतालाई कसरी मुक्ति दिने भन्ने प्रश्न अहम् देखिएको छ । सरकार र सर्वसाधारणबिचको सम्बन्ध सूत्र प्रशासन हो, सरकार र शासनको अनुभूति सेवाले मात्र दिन सक्छ । जनताका दैनिकीसँग सम्बन्धित क्रियाकलापदेखि नीति व्यवस्थापनको प्रभावकारिता आचरण र व्यावसायिकताको स्तर बढाएर मात्र प्राप्त गर्न सकिन्छ । यसैको अभावमा राजनीतिक आन्दोलनका कार्यसूचीले र बेला बेलामा सरकारबाट अगाडि सारिएका सुधारका प्रयास पनि पाखा लाग्दै गएका छन् ।

नागरिक समाज, सार्वजनिक बौद्धिक, सरकारी सर्वेक्षण, ट्रान्सपरेन्सी तथा अन्य स्वतन्त्र निकायका प्रतिवेदनको औँल्याइमा सार्वजनिक प्रशासनको कार्यसम्पादनमा सेवाग्राहीको अनुभूति (पर्सेप्सन) सकारात्मक छैन । सेवा प्रदायक र अग्रपङ्क्तिका कार्यालयबाट प्राप्त हुने सेवा सुविधामा लामो समय लाग्ने गरेको छ । सेवा लिनका लागि भनसुन र सिफारिस गर्नु परेको छ भने सेवा सुविधामा नातावाद, कृपावाद र अतिरिक्त अनुनयविनय गर्नु परेको छ, प्रणालीले काम गरेको छैन । कतिपय सेवामा मध्यस्थकर्ता (बिचौलिया) मार्फत लिनुपर्ने बाध्यता छ । कर्मचारीहरूमा सहयोगी भावना देखिएको छैन । आफूले लिने सेवाको कार्यविधि र कानुनका विषयमा स्वयम् सेवाग्रही जानकार छैनन्, कार्यालयका तर्फबाट उनीहरूलाई सूचना र जानकारी दिइएको छैन । प्रशासनभित्र पहुँचवालाको काम छिटो हुन्छ, गरिब-विपन्न उपेक्षित छन् । प्रवाहित सेवाले अनुभूत आवश्यकतालाई सम्बोधन गर्न सकेको छैन । सेवा लिन अतिरिक्त उपहार, दस्तुर वा नजराना पनि दिनुपर्ने अवस्था छ । नीति तथा निर्णयमा व्यावसायिक सदाचारिता नदेखिएकाले नीति निर्णय आलोचित बनेका छन् । जसले आन्तरिक रूपमा विश्वास घटाएको छ भने बाह्य मञ्चमा राष्ट्रिय छविको स्तर कमजोर छ । यस अवस्थामा नेपालको प्रशासनिक क्षेत्र सुधारका लागि राजस्व प्रशासन, लेखा प्रशासन, आयोजना व्यवस्थापन, सेवा प्रवाह र प्रशासनिक नेतृत्वका पाँच क्षेत्रमा आक्रामक प्रयास गरी प्रशासनलाई मूल्यमा आधारित बनाउन सकिन्छ ।

करिब दुई दशकअघि एसियाली विकास बैङ्कबाट भएको अध्ययनले निकालेको निष्कर्ष अनुसार राजस्व आर्जन गर्ने र राजस्व खर्च गर्ने निकायका पदाधिकारी उच्च भ्रष्टाचारमा रहन्छन् । सार्वजनिक वित्त व्यवस्थापनले शासन प्रणालीलाई शुद्ध र सुशासित बनाउन ठुलो भूमिका खेल्छ । अहिलेको अवस्थामा यो निष्कर्ष उक्त समयभन्दा बढी सान्दर्भिक देखिन्छ । सरकारी तथा नागरिक समाज र अन्तर्राष्ट्रिय संस्थाका आँकडामा भ्रष्टाचार, बेरुजु, सम्पत्ति शुद्धीकरणको जोखिम, सुशासनका परिसूचकको न्यूनस्तर देखिनुले यसको पुष्टि गरिरहेको छ । नेपालको आन्तरिक प्रतिवेदनले पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा यसको पुष्टि गरेको छ ।

नेपालको राजस्व प्रशासनले कहिले पनि निर्धारित लक्ष्य भेटेको छैन । पछिल्ला वर्षमा राजस्वले लक्ष्य भेट्नु भनेको निकै दुर्लभ देखिएको छ । नीतिगत हेराफेरि, व्यापक राजस्व चुहावट र राजस्व प्रशासनका कर्मचारी, व्यवसायी र राजनीतिक कार्यकर्ताको अघोषित माखेसाङ्लोले राजस्व प्रशासनमाथि गम्भीर प्रश्नहरू उठिरहेका छन् । पछिल्ला समय खास स्थानमा कर्मचारी सरुवा तथा पदस्थापनमा उभयपक्षको प्रभाव परेको छ । नियामक संस्थाहरू पनि कि त कमजोर छन् वा रविन्सन सिद्धान्तले प्रभावमा छन् । परिणामतः वार्षिक खर्बौं रुपियाँ राजस्व सङ्कलन हुन सकेको छैन, विकासवित्त र सेवाभरणमा यसले प्रतिकूल प्रभाव पारेको छ ।

राजस्व प्रशासनपछि सुधार गर्नुपर्ने अर्को क्षेत्र लेखा प्रशासन हो । लेखा प्रशासन सरकारी कोषको सञ्चालन गर्ने निकाय हो । सरकारी खर्च गर्ने भूमिकामा जिम्मेवार व्यक्तिका साथ आर्थिक प्रशासनका कर्मचारी संलग्न हुन्छन् । सानोतिनोदेखि ठुला भुक्तानीमा संस्थागत भएको बेथितिले लेखा प्रशासनको छवि बिग्रेको छ । लेखा प्रशासनमा रहेका व्यक्ति निगरानी निकायले नियन्त्रणमा लिएका घटना बारम्बार आउने गर्छन् भने बढ्दो बेरुजु र खरिद अनियमिततामा पनि लेखा प्रशासनको संलग्नता रहने गरेको छ । यसले कार्यालय सञ्चालनका सबै पक्षलाई प्रभाव पारेको छ ।

नेपाली समाज परम्परागत संस्कृतिले गाँजिएको छ । समाजमा जसले मह काट्छ, उसले हात चाट्छ भन्ने कहावतले जरा गाडेको छ । राजस्व सङ्कलन र लेखा प्रशासन (आम्दानी गर्ने र खर्च गर्ने) निकाय मह काढ्ने निकायका रूपमा चिनिएका छन् । त्यहाँ रहने कर्मचारीको सामाजिक सानमान र अवसरमाथिको पहुँच पनि बढी छ । यसर्थ आम्दानी गर्ने र खर्च गर्ने निकायमा गरिएको सुधारले सार्वजनिक वित्त व्यवस्थापनमा मात्र होइन, समग्र सार्वजनिक प्रशासनलाई सुशासनमा पुऱ्याउन योगदान गर्छ ।

नैतिक आचरण र व्यावसायिक इमानदारितामा सुधार ल्याउनु पर्ने अर्को क्षेत्र आयोजना व्यवस्थापन हो । साना ठुला पूर्वाधार निर्माण तथा मर्मतमा वार्षिक खर्बौं रुपियाँ तहगत सरकारी कोषबाट खर्च हुन्छ । त्यहाँ रहेको पेसागत व्यावसायिकताको कमीले निर्माणको गुणस्तर र सामयिकतालाई प्रभाव पारेको छ भने आयोजना प्रशासनको बेथितिले व्यावसायिक नैतिकतालाई प्रभाव पारेको छ । विनियोजित रकमको अधिकांश हिस्सा लक्षित रूपमा खर्च हुँदैन । अर्थ, योजना र तालुक कार्यालयले पनि यसलाई प्रणालीबद्ध नगरी राजनीतिक र प्रशासनिक अभीष्ट पूर्तिमा सहयोग पुऱ्याउँदै आएका छन् । आयोजना व्यवस्थापनका सिद्धान्त, विनियोजनका मान्यता र प्राविधिक सिद्धान्त उल्लङ्घन हुँदै आएको छ । सदनमा यसको आलोचना भए पनि सदन राजनीतिको छायामा परेकाले सरकारलाई नैतिक र जवाफदेही बनाउन यसले सकेको छैन ।

सेवा प्रशासन सर्वसाधारणका दैनिकीलाई प्रत्यक्ष प्रभाव पार्ने निकाय हुन् । सेवा प्रवाहका अग्रपङ्क्तिका कार्यालयमा मध्यस्थकर्ताको हाबी बढ्दै गएको छ । जग्गा प्रशासन (मालपोत, नापी, गुठी), श्रम प्रशासन, अध्यागमन, यातायात, कम्पनी रजिस्ट्रार, जिल्ला प्रशासन, राहदानी, स्थानीय सरकार जस्ता जनताका प्रत्यक्ष सरोकारमा रहने निकायमा भ्रष्टाचारको जोखिम बढ्दो छ । यी निकायको स्वच्छता र क्रियाशीलताले मात्र सरकारको छवि सुध्रिन्छ । किनकि सर्वसाधारणले सेवामार्फत सरकारलाई चिन्ने गर्छन् । सेवा प्रशासन जस्तो छ । सरकार त्यस्तै देखिन्छ ।

प्रशासनिक नेतृत्व नीति निर्माण, सेवा मापदण्ड निर्धारण, कर्मचारी तथा वित्त प्रशासन र नियमन गर्ने भूमिकामा रहन्छ । व्यावसायिक र सदाचारी प्रशासनिक नेतृत्वले मात्र आफ्ना भूमिका प्रभावकारी रूपमा निर्वाह गर्छ र त्यसको लहरे असर अग्रपङ्क्तिका कार्यालयसम्म विस्तार हुन्छ । कमजोर सदाचार र व्यावसायिक स्तर भएका नेतृत्वको कार्यसम्पादनमा नैतिक बल हुँदैन । विगत केहीवर्षदेखि प्रशासनिक नेतृत्व कमजोर मात्र भएको होइन, प्रशासनिक सौदावाजी बढ्न थालेको छ । पदबाट पदमा जाने, पदले अपनत्व नलिने जिम्मेवारीमा जाने, नभएको पद सिर्जना गरेर नियुक्ति लिने, आफू अनुकूल प्रावधान राखेर कानुन निर्माणमा प्रभाव पार्ने र नेतृत्वले जे गरे पनि/नगरे पनि हुन्छ भन्ने स्थितिमा देखिन थालेको छ । उच्च पदस्थ नेतृत्व चयनमा योग्यता प्रणालीभन्दा उभयपक्षको प्रभाव पर्न थालेको छ । परिणामतः नीति निर्माण, सुरक्षा व्यवस्था, सेवा प्रवाह, बाह्य समाजमा नेपालको उपस्थिति कमजोर देखिएको छ ।

यी पाँच पक्षमा सुधार गरेर नै प्रशासनलाई मूल्यमा आधारित बनाई सेवाग्राहीको अपेक्षालाई पूरा गर्न सकिन्छ । प्रविधि पुस्ताले गरेका आन्दोलनका माग पूरा गर्न सार्वजनिक प्रशासनको कार्यसंस्कृति सुधार नगरी हुँदैन । प्रशासनलाई व्यावसायिक सदारचारितामा पुऱ्याएर नै सुशासन र रूपान्तरणको स्थायी आधार खडा गर्न सकिन्छ । क्रमिक रूपमा व्यक्तिगत तहमा आफूले गर्नुपर्ने काम कुन उचित र कुन चाहिँ अनुचित छट्याउन, व्यावसायिक तहमा पेसागत मान्यता अवलम्बन गर्न, सङ्गठन तहमा कार्यमूलक संस्कृतिको विकास गर्न र सामाजिक तहमा समुदायको चाख चाहनाप्रति संवेदनशील बन्ने बानी विकास गर्न सदाचार मूल मन्त्र हो ।

# सुशासनको दिशामा सरकार



• शिवराम न्यौपाने

देशको समग्र प्रबन्ध एवं सञ्चालनबाट जनहितको कार्य गर्नु शासनको मुख्य उद्देश्य हो । सार्वजनिक हित एवं उद्देश्य प्राप्तिका लागि नियम कानुनको विकास गर्ने, लागु गर्ने र परिपालना गराउने समष्टिगत कार्य नै शासन हो । यो सार्वजनिक व्यवस्थापनको समग्र क्रियाकलापको तस्बिरका रूपमा रहेको हुन्छ । जनप्रतिनिधिले बनाएको कानुनी, संस्थागत र कार्यक्रमगत संरचनाको परिचालनबाट शासनको अनुभूति हुने र यसबाट मुलुकको आर्थिक सामाजिक विकास तथा समृद्धि, सार्वजनिक सेवा प्रवाह, शान्ति सुव्यवस्था र नागरिकको अधिकारको रक्षा गर्नका लागि भूमिका निर्वाह भएको हुन्छ । देशका विभिन्न तहका सरकार, निजी क्षेत्र, गैरसरकारी संस्था र नागरिक समाजले यसमा साझेदारी गरिरहेको हुन्छन् । परम्परागत शासनको अवधारणाले निश्चित सीमाभित्रको शान्ति सुरक्षा, कानुनी एवं प्रशासनिक संरचनाको परिचालन, राजस्व सङ्कलन र बाँडफाँट जस्ता कार्यमा सरकारलाई सीमित गरेको थियो । शासनको आधुनिक अवधारणाले लोकतन्त्रीकरण, बहुस्तरीय शासन, विकेन्द्रीकरण एवं स्थानीय स्वायत्त शासन, निजी एवं गैरसरकारी क्षेत्रको परिचालन, आर्थिक उदारीकरण एवं निजी क्षेत्रको संलग्नता, विश्वव्यापीकरण, विद्युतीय शासनको आत्मसात्, सरकार सहजकर्ता र निगरानीको भूमिकालगायतका सबालमा केन्द्रित हुन जोड दिएको छ । यस सन्दर्भमा सरकार शासनका आधुनिक अवधारणाको अनुसरणका लागि काबिल हुन जरुरी भएको छ ।

मुलुक समृद्ध हुनका लागि शासकीय सुधारका नवीन अभ्यास नियमित रूपमा हुनु जरुरी हुन्छ । देशमा विभिन्न समयमा राजनीतिक एवं शासन पद्धतिमा परिवर्तन गरी शासकीय सुधारको प्रयास हुँदै आएको छ । विसं २००७ देखि २०८२ भदौसम्म भएका विभिन्न आन्दोलन, जनक्रान्ति, राजनीतिक उथलपुथललगायतका जनविद्रोहको उद्देश्य मूलतः मौजुदा शासन पद्धतिमा सुधार गरी मुलुकमा सुशासन स्थापित गर्नु नै हो । संघीय शासन व्यवस्था अवलम्बनपश्चात् जनताका आधारभूत सेवा प्रवाह र विकास व्यवस्थापन तथा सञ्चालनका अधिकांश दायित्व प्रदेश र स्थानीय तहमा गएको हो । कार्य सञ्चालनका आधारभूत कानुन समयमा बन्न नसक्नु, जनशक्तिको क्षमता र आपूर्ति कमजोर हुनु, कुशल शासनमा भन्दा सत्ता जोगाउने दौडधुप र खिचातानीमा शासकको समय बित्नु, अनावश्यक कार्यालय खडा गर्दा कार्यमा दोहोरोपना, अधिकार र जिम्मेवारीमा द्वन्द्वलगायतका समस्याका कारण जनगुनासा कायमै रहेका छन् । साथै सार्वजनिक सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोग हुन नसक्नु, पारदर्शी जवाफदेही प्रणालीको पूर्ण रूपमा विकास हुन नसक्नु, विभिन्न तहबिच पर्याप्त समन्वय हुन नसक्नु, सुशासन र सार्वजनिक उत्तरदायित्वको प्रवृत्ति विकास हुन नसक्नु जस्ता समस्या रहेका छन् । शासकीय सुधारको जग बलियो गराउने उद्देश्यले प्रत्यायोजित भएको शासकीय अधिकार एवं स्रोतसाधनको उचित उपयोग हुन नसकेको महसुस भएको छ । यसले गर्दा संघीय शासन प्रणालीपछिको शासकीय सुधारको अभियानलाई संस्थागत गर्न नसकिएको स्पष्ट हुन्छ ।


शासन व्यवस्थाको परिवर्तन एवं राजनीतिक नेतृत्व फेरिँदैमा शासकीय सुधारको सुनिश्चितता गर्न सकिँदैन । शासन पद्धतिमा हुने सुधार सँगसँगै राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको सोच, व्यवहार, कार्य संस्कार एवं क्षमतामा सुधार अपरिहार्य भएको हुन्छ । संविधानले निर्दिष्ट गरे अनुरूप सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता र प्रभावकारिता कायम गरी उत्तरदायित्व वहन गर्दै जनताको घरदैलोसम्म गुणस्तरीय सेवा पुऱ्याउनुपर्ने लोकतन्त्रपछिको चुनौती अहिले पनि टड्कारो रहेको छ साथै प्रशासनिक संयन्त्रको क्षमता अभिवृद्धि गर्ने, सार्वजनिक व्यवस्थापनप्रति नागरिकको विश्वास बढाई सार्वजनिक कार्यमा सहभागिता वृद्धि गर्ने, सार्वजनिक संस्थाहरूको जवाफदेहीपूर्ण समन्वय कायम गर्ने, कार्य जिम्मेवारीप्रतिको पारदर्शिता र जवाफदेहीता सुदृढ गर्ने, शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्नेलगायतका वर्तमान शासकीय चुनौतीसमेत रहेका छन् । राजनीतिक दलहरूको पुरानै नेतृत्व, परम्परागत सोच एवं अनुत्पादक कार्यशैली, सीमित व्यक्ति वा गुटको घेराबन्दी र राष्ट्रहितभन्दा सत्ता र शक्तिमा बढी समय दिने शासकीय प्रवृत्तिबाट यस्ता चुनौतीको सामना हुन सक्ने देखिँदैन । यस सन्दर्भमा शासनको महत्वपूर्ण जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्वले नै शासनमा सुधारका लागि अग्रसर हुनु आवश्यक भएको छ ।

शासकीय सुधारको अनुभूति मूलतः जनताका दैनिक जीवन निर्वाहका वस्तु तथा सेवा नजिकको सेवा केन्द्रबाट सहज, सुपथ, गुणस्तरीय र पर्याप्त पाउने अवस्था कायम हुँदा हुन्छ । आर्थिक तथा सामाजिक समृद्धिका मुख्य क्षेत्रको पहिचान गरी जनताका वर्तमानका खुद आवश्यकता र मह□वका वस्तु तथा सेवा प्रवाहलाई स्थानीय तहसम्म सन्तुलित ढङ्गले व्यवस्थापन गर्न आवश्यक छ । शासनको नेतृत्व तहमा रहेका राजनीतिक पदाधिकारीहरू शासकीय सुधारका लागि परिवर्तित सोचसहित जिम्मेवार र सक्षम हुनु पर्छ । शासन पद्धतिमा पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायित्व, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित लोकतान्त्रिक शासन शासकीय सुधारको मुख्य सवाल हुन् । यस्ता सवालसँग राज्यको राजनीतिक पदाधिकारीका साथै प्रशासनिक संयन्त्रसमेत उत्तिकै जानिफकार र प्रतिबद्ध हुनु पर्छ । राज्यबाट प्रदान गरिने सेवा सुविधालाई एकीकृत रूपमा छरितो र प्रभावकारी बनाउन कानुनी, नीतिगत तथा संरचनागत स्पष्टता ल्याउने, विकास निर्माणलगायत सेवाको कार्य जिम्मेवारी एवं क्षेत्राधिकारका सम्बन्धमा तिनै तहको सरकारको भूमिका स्पष्ट गर्ने कार्य जरुरी भएको छ । साथै परम्परागत कार्यशैलीमा रुमलिरहेका कार्यालयलाई आधुनिक, प्रविधिमैत्री, छरितो र सेवाग्राहीमैत्री गराउनु आवश्यक छ । नागरिक सचेतनालाई व्यापक गराई सार्वजनिक कार्यमा सहभागिता, सहजीकरण र नियमित नियमन गर्नुसमेत जरुरी भएको छ ।

आधुनिक सोच भएको सदाचारयुक्त र उत्तरदायी राजनीतिक नेतृत्वले शासकीय सुधारको अभियानलाई गति दिन सक्छ । सरकारले शासकीय सुधारलाई टेवा पुऱ्याउने नीति, योजना तर्जुमा गर्दै आएको छ । साथै स्थानीय तहसम्मको कानुनी एवं प्रशासनिक संरचनासमेत नयाँ ढङ्गले तयार गरिएको छ । नीति, योजना, कार्यक्रमको कार्यान्वयनमा राजनीतिक नेतृत्व इमानदार र जिम्मेवार हुन सकेको छैन । साथै कर्मचारीतन्त्र सधैँभरि राजनीतिक नेतृत्वको मनसायमा अलमलिएर जागिरे मानसिकताले प्रभावित हुँदा शासकीय सुधारका योजनामा अग्रसर हुन सकेन । फलस्वरूप आवधिक एवं वार्षिक नीति, योजना, कार्यक्रममा आउने गरेका मह□वपूर्ण शासकीय सुधारका कार्यहरू कार्यान्वयनमा प्रभावकारी हुन सकेनन् । सङ्घीयता कार्यान्वयनका लागि आवश्यक आधारभूत कानुन एवं प्रशासनिक संरचना समयमै तयार गर्ने, प्रदेश एवं स्थानीय तहमा आवश्यक सक्षम जनशक्तिको आपूर्तिलाई सुनिश्चित गर्ने, संविधानमा व्यवस्था भएबमोजिम तिनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्रका सम्बन्धमा थप स्पष्टता पार्ने, जिम्मेवारपूर्ण समन्वय र सहकार्यको संस्कार विकास गर्ने सवालहरू नियमित रूपमा सरकारको नीति कार्यक्रममा समावेश हुँदै आएका छन् । शासकीय सुधारका यस्ता आधारभूत नीति एवं कार्यक्रमको कार्यान्वयनका लागि राजनीतिक नेतृत्वका साथै प्रशासनिक नेतृत्वको जिम्मेवारपूर्ण अग्रसरताको खाँचो भएको छ ।

शासकीय सुधारको महत्वपूर्ण कार्यक्षेत्र भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नु भएकाले तिनै तहको सार्वजनिक जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्व साथै अन्य राजनीतिक दलका पदाधिकारीहरूले इमानदार भई भ्रष्टाचारका विरुद्धमा अग्रसरता देखाउनु अपरिहार्य छ । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको सरकारको नीतिलाई राष्ट्रिय साझा सवालका रूपमा राज्यका सबै अङ्गले अवलम्बन गर्नु पर्छ । सरकारको अनावश्यक खर्च घटाई मितव्ययी हुन औचित्य नभएका सरकारी संस्थाहरूको खारेजी, समायोजन र हस्तान्तरणको कार्य गर्न राजनीतिक नेतृत्वले इमानदार आँट गर्नुपर्ने हुन्छ । मुलुकको समग्र सुशासन सुदृढ गर्न आवश्यक समन्वय, सहजीकरण, नियमन र निर्देशनका लागि प्रधानमन्त्री एवं मन्त्रीपरिषद्को कार्यालयमा रहेको शासकीय सुधार एकाइलाई सुदृढ र जिम्मेवार गराउन आवश्यक छ । साथै स्थानीय तहसम्मका सुशासनका कार्यलाई कार्यान्वयनमा जोड दिने, निर्णय प्रक्रियामा सरलीकरण र आधुनिक प्रविधिमार्फत सेवाको रूपान्तरण गर्ने र यसका लागि इगभर्नेन्स बोर्डलाई सक्रिय गराइने कार्यले शासकीय सुधारमा टेवा पुग्ने देखिन्छ ।

# म एमालेको दास ?



• प्रा.डा. बद्रीविशाल पोखरेल

महान् स्टालिनले आफ्नो चाकरी नगर्ने सिद्धान्तनिष्ट देश र जनताका हितमा प्रतिबद्ध होनहार नेताको हत्या गरे । यसको संख्या ९८ जना थियो । यस बेला दासहरु चुइक्क बोलेनन् । चमडी जोगाउन पनि त्यति बेला तिनले आँ गर्न पनि सकेनन् । पछि बोलेर के गर्नु हुनु नोक्सानी भइसकेको थियो । महान् सांस्कृतिक क्रान्तिकालमा चरम दमन भयो । जुल्फी पालेको र सुकिला लुगा लगाएकालाई प्रतिक्रियावादी भनेर दमन गरियो । यस बेला पनि तत्कालीन चिनियाँ कम्युनिस्ट पार्टीका दासहरुको ओठमुख खुलेन । आखिरमा क्रान्तिकालका ज्यादतीबाट देशमा भित्रभित्रै उग्ररुप लिएको थाहा पाएपछि माओले उक्त अभियान फिर्ता लिए र रगतको खोलो बगिसकेपछि भए पनि माओको बुद्धि पलायो । अनि मात्र माओमा विचारलाई विचारले परास्त गर्नु पर्छ भन्ने सुझ पलायो । पार्टीका दासहरु बेलैमा बोलेका भए चीनमा उक्त क्रान्तिका नाममा जघन्य हत्या हिंसा हुने थिएन । त्यसैले जननेता मदन भण्डारीले विगतका भूल भत्कोसबाट बेलैमा सिक्नु पर्छ भन्नु भएको हो । व्यावहारिक रुपमा रुढीग्रस्त जडवत् कम्युनिस्ट पार्टीलाई मदनले सिर्जनात्मक परिष्कार गर्नु भएको हो । मदनले यही कारण जबजमा प्राज्ञिक स्वतन्त्रताको पक्षपोषण गर्नु भएको हो । यो कुरा ९८ प्रतिशत एमाले नेताले बुझेका छैनन् । बुझेको भए मेरा आलोचनात्मक चेत र चिन्तनका लेख र रचनाका आधारमा मेरो खेदो पाइलो गर्ने थिएनन् । माओले सांस्कृतिक क्रान्तिकालमा अपार धन र जनको क्षतिपश्चात् सयौँ फूल फल्न देऊ सयौँ विचार पन्पिन देऊ भन्नु भएको हो । अझ माओका नाममा ग्याङ अफ फोरले दुस्सासन चलाएको थियो । तेङ सियाओ पेङलााई सपरिवारलाई मर्नु न बाँच्नु अवस्थामा पुऱ्याउने माओका भृत्य र भजन मण्डली थिए । तर बेलैमा माओमा सुझबुझ पलाएकाले आधुनिक, विकसित र समृद्ध चीनका परिकल्पनाकार सपरिवार बाँचेका जति जोगिए । मदनले विचारलाई विचारले परास्त नगरी दमन गर्न हौसिनु कमजोरी हो भन्नु भएको छ । अहिले एमाले अध्यक्ष ओलीको दाँत हाँसे पनि आँत नहाँसेको अवस्थामा अझ तीन तमासे हुङ्कार गरिरहेका छन् र भन्छन् मैले भनेको नमान्ने नेताले आफ्नो भविष्यबारे बीस पटक सोच्नु भन्न थालेका छन् । यस्तै घमण्डले गर्दा अपार धन र जनको क्षति भयो । एक महिनाअघि चारवटै सुरक्षा संयन्त्रले जेनजीका नाममा देशमा ठूलो भद्रगोल हुन्छ भन्ने जानकारी प्रधानमन्त्रीलाई दिएका रहेछन् तर पनि सरकार कुम्भकर्णे निन्द्रामा सुत्दा आफैं हातमा टोपी लिएर ज्यान बचाउन भाग्नु पऱ्यो । नपत्याएको खोलाले बगाउँछ नि । के अहिले जेनजीलाई बिच्क्याएर उपद्रो गर्न उक्साएझैं एमाले जेनजीलाई तर्साउन खोजेको हो भने यस्तो सपना दिउँसै नदेखे हुन्छ । यस्ता अहङ्कारलाई नामेट पार्न यही बुढो जेनजी काफी छ ।

मानिस आफूमा तर्क सकिएपछि कुतर्कको सहारा लिन्छ । हार्ने निश्चित छ र हार पनि खाइसकेको छ । भागेर ज्यान जोगाएको दुनियाँले देखेका छन् । कलम नभए धाकधम्की, धन र गनले तह लगाउने हो । लेखकको नाम उल्लेख गरेर कुनै कविता, लेख र रचना लेख्दा पनि प्रताडित भइन्थ्यो । यसको उदाहरण सञ्जय थापा उर्फ प्रदीप नेपाल नै हुन् । नेपालले पनि आफ्ना फुटकर र पुस्तकाकार कृति सक्कली नाममा छापेको भए क्लासिकल वा रुढीग्रस्त कम्युनिस्ट नेताले उनको हातखुट्टा भाँचिदिन सक्थे तत्कालीन नेपालमै । पछिल्लो कालमा भने हुन त पञ्चायती शासनबाट बच्न पनि उक्त काम नेपालले गरेका हुन् । भनेपछि कम्युनिस्ट पार्टी र नेताका नाममा दुर्गति र दुर्नाम कुनै हालतमा कदापि गर्नु हुन्न र यसलाई सहनुहुन्न भन्ने मदनको मूल ध्येय थियो । तर अहिले त जबज र मदन भण्डारीबारे दुर्वाच्य बोलेको सुनेर त्यसको सुझावस्वरुप आलोचना गर्ने उपल्ला तहका नेतालाई अध्यक्षले फुटेको आँखाले देखि नसहेका दृश्य देख्नु परेको छ । कर्ण बहादुर थापा लगायत अनेक इमान्दार सिद्धान्तनिष्ट नेता प्रमुख नेताको आँखाको कसिङ्गर भएका छन् आजै केन्द्रीय समितिको बैठकमा फेसबुकमा राजीनामा मागेर हुँदैन भन्दै एमालेका जेनजीलाई खुला हाँक र चुनौति दिएको सुन्नु परेको छ । यो दास नहुने र जबज प्रतिबद्ध नेता र कार्यकर्तालाई ओलीले खुल्ला चुनौति दिएको देखिन्छ । मेरो विरोध गर्ने नेता र कार्यकर्ताहरुले आफ्नो भाग्य र भविष्यबारे बीस पटक सोच्नु र मात्र बोल्नु भने ओलीले । यसबाट उनका विरुद्ध बोले जिब्रो थुत्न सक्ने सार व्यक्त हुन थालेको छ । पूर्व पार्टी उपाध्यक्ष विद्या भण्डारीलाई आफ्नै सहमतिमा पार्टी सदस्य नवीकरण गरेर आफैंले सही गरेर सदस्यताको परिचयपत्र दिएर पनि सफेद झुट बोल्दा दासहरु किन बोल्दैनौं । हुन त म पनि जनवादी केन्द्रीयताका नाममा नोकरशाही जनवाद लादेर भाट र भृत्य बनाउँदा बेलैमा विरोध गर्न नसक्ने पात्र थिएँ । लामो समयको रुढीग्रस्त परम्पराका कारण अझै पनि नेता र कार्यकर्तामा पार्टी र नेतालाई द्योता ठान्ने र पूजा आराधना र भक्ति गर्ने अन्ध परिपाटी जब्बर बनेको छ । यसैले यसको कुप्रभाव पार्टीमा अझै व्याप्त छ । तर मदन भण्डारीले भक्ति र भजन गर्नेले कर्म गर्दैन भन्ने बुझेर त्यसो नगर्नु भनेर बारम्बार सुझाउनु भएको छ । यतिसम्म नदेखी लाज,सरम र घिन बिना गतिविधि गर्दा दासहरु बोल्दैनौं । हुन पनि लामो समयदेखि पार्टीमा दास संस्कृति र परम्परा घोकाइएको छ । विश्लेषक,आलोचक,समीक्षक, विवेकी, सिद्धान्तनिष्ठ र इमानी नेता र कार्यकर्ता बन्ने बनाउने काम नै गरिएन र गर्न दिएन । भाट र भृत्यले मनपरी गरे तिनीहरु पुरष्कृत हुन थाले । अनेक खालका विकृतिग्रस्तलाई राजनीतिक र राजकीय नियुक्ति तथा सभासद् बनाएर राणाकालमा झैं पाँडे पजनी गरिएको भन्न सकिन्छ । कम्युनिस्ट र जबज विपरीतका गुप्तगु तिकडम्बाजी गरिएको छ । पार्टीलाई जबज विपरीत रागे भीरबाट खसाल्न खोजिएको छ । तर पनि जबज र जननेता मदन भण्डारीलाई तलबितल पार्न उद्यत हुँदा म दास हामी दास किन बाल्दैनौं । अब पार्टीको ११ औं अधिवेशनमा एमालेका जेनजीहरु अत्यन्त चनाखो भएनन् भने लातको भूत बातले मान्दैन भन्ने अन्तरहृदयबाट महसुस गरे भने उपाय निस्कन्छ । फेसबुकको राजीनामा भनेर चरम उपेक्षा गर्नेलाई यही केन्द्रीय कमिटी बैठकमा थरथरी काम्ने गरी कास्टिङ सो गर्ने हिम्मत गर्नुपर्छ । अहिले त हिजो र आजमै फरक देखिन थालेको स्थिति छ । माथिल्लै तहका अधिकांश नेता ओलीका गैरकम्युनिस्ट गतिविधिबाट वाक्कदिक्क भएको आवाज चुहुन थालेको देखिन्छ । जबजको माला जपी जबजको विधिवत् अन्त्य गर्ने दाउ पनि देखिन्छ । यसका कुलक्षण देखिन थालेको छ । जबजको जामा लगाएर र नाचेर हुन्न । समग्रमा नेपाली कम्युनिस्ट आन्दोलन धरासायी बन्ने अवस्थातिर तीव्र वेगले उन्मुख छ । एमाले मात्र होइन अरु कम्युनिस्ट पार्टीहरु कि त दक्षिणपन्थी, कि उग्रवामपन्थी कि त अवसरवादी नै धेर देखिन्छन् । अलि आशलाग्दो पार्टी नै प्रमुख नेताका कारण धरमर हुन थालेको दृश्य टड्कारो भएको छ ।, चालिस वर्ष पार्टीको निरन्तर अध्यक्ष हुने हो भने यस्ता पार्टीलाई राजावादी भनिदिए भैगयो । आजीवन र नमरुन्जेल पार्टी अध्यक्ष हुने र बन्ने बनाउने पार्टीलाई कम्युनिस्ट भन्नु किन पऱ्यो ? अझ त्यता दास प्रवृत्ति धेरै मौलाएको देखिन्छ । दास नै हुनु थियो भने कम्युनिस्ट किन हुनु पऱ्यो । तथापि एमालेलाई सार सौन्दर्य सहित जगेर्ना गर्ने मदन भण्डारी फाउन्डेशन देशव्यापी रुपमा सांगठनिक दृष्टिले जीवित छ । अझ यसलाई जीवन्त बनाउने कुरामा फाउन्डेशन कति लाग्छ त्यसमा आन्दोलनको भविष्य भर पर्छ । गरे जस्तो गर्नु भन्दा नगर्नु जाती हो । नेपाली कम्युनिस्टहरु ९८ प्रतिशत सामन्तवादी कुसंस्कार र अन्धविश्वासमा जकडिएका छन् । आफैंले जन्माएको सन्तानलाई भगवान्को कृपा र आशीर्वाद ठान्छन् । आफैंले परिश्रम र पसिनाले आय र आर्जन गरेको धन सम्पत्ति पनि भगवान्कै देन ठान्छन् । अनि तिनलाई आफ्नै पार्टी सरकारको बलबुताले गरेका कामहरुमा आफ्नो मिहेनत कहाँ देख्छन् ? दसैं र तिहार तथा छठ पर्व मनाउँदा पनि एक धर्म,एक जात,सम्प्रदाय र समुदाय करण गर्छन् । आफैं महाविद्वान् बनेर मन्चमा पल्टिन्छन् । कोशी प्रदेशका मुख्यमन्त्रीले रामले युद्धमा रावण /अनार्य /आदिबासीलाई पराजय गरेको हुँदा विजयादशमी भनेको विचार व्यक्त गर्छन् । यसरी उच्च तहका नेताले संस्कृति संस्कार चाडपर्वका बारेमा उही सडेगलेको विचार प्रवाह गरेर जातीय र सांस्कृतिक विद्वेष प्रवाह गर्छन् । ब्रतबन्ध ,जन्म उत्सव लगायत पर्वहरुमा समाज उपयोगी र जीवन उपयोगी पक्षहरु छन् ।

तर ती कुरा तिनलाई थाहा छैन जान्न पनि चाहन्नन् । अधिकांश नेताहरु हाम्रा सांस्कृतिक चाडपर्व र परम्परामा अन्तर्निहित सकार सार तत्व नबुझी बिरालो बाँध्ने ढोँगमा लाखौँ खर्च गर्छन् । तर दासहरु बोल्दैनन् । लामो समयसम्म किलकिले लाग्ने गरी दाम्ला र सिक्रीमा बाँधिएका पशुहरुझैं सिक्री खोलिदिए पनि ती दासहरु चटपटाउँदैनन् । तर म जस्तै एक समय दास बनेकाहरु सधैं किलामा बाँधिएर बस्तैनन् । स्वाधीन, सापेक्ष स्वतन्त्र , विवेकी .र इमान्दार मान्छे बन्न ज्यानको बाजी लगाउँछन् । त्यसैले मानव हौ र हौं भने दास संस्कृति तोड्नै पर्छ र यसको अगुवाइ कसै न कसैले गर्नैपर्छ । आफैंमाथि मनपरी र मनमोजी गर्दा पनि प्रतिउत्तर हीन, प्रतिवादहीन र प्रतिक्रियाविहीन पशु मित्र बन्न सकिँदैन । यसो नगर्ने हो चार खुट्टे पशु र हामी मान्छेमा के फरक हुन्छ कमरेड ?

(इटहरी निवासी लेखक एमाले पूर्व केन्द्रीय सदस्य हुन् ।)

# सीएसआरको पैसा प्रभावितको हितमा खर्च गर्न सक्ने

झापा(प्रस) । बैंकहरूले सीएसआरको पैसा जेनजी आन्दोलन प्रभावितको हितमा खर्च गर्न सक्ने भएका छन् । नेपाल राष्ट्र बैंकले बैंकहरुको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मार्गदर्शन, २०८१ मा संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो । राष्ट्र बैंकले मार्गदर्शनमा संशोधन गर्दै भनेको छ- 'जेनजी आन्दोलनका क्रममा घाइते भई सरकारी अस्पतालमा उपचाररत गरिब तथा विपन्न वर्गका नागरिकलाई औषधि उपचारका लागि दोहोरो नपर्ने गरी उक्त अस्पताललाई उपलब्ध गराइने खर्च गर्न सकिनेछ ।'

मार्गदर्शनको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्न सकिने



क्षेत्रको सूचीमा जेनजी आन्दोलनमा घाइते भई सरकारी अस्पतालमा उपचाररत गरिब तथा विपन्न वर्गका नागरिकलाई औषधि उपचारको लागि दोहोरो नपर्ने गरी उक्त अस्पताललाई उपलब्ध गराइने खर्च सामेल गरिएको छ ।

जेनजी आन्दोलनमा सहिद भएका व्यक्तिका,आय आर्जनका लागि प्रत्यक्ष रोजगारी नभएका परिवारको आय आर्जन क्षमता अभिवृद्धि गर्न सहयोग पुर्याउन नेपाल सरकार वा नेपाल सरकारबाट स्वीकृति प्राप्त सीपमूलक तालिम प्रदान गर्ने संस्थाबाट त्यस्ता व्यक्तिलाई सीपमूलक तालिम प्रदान गरेको आधारमा तालिम प्रदान गर्ने संस्थालाई प्रदान गर्ने खर्चलाई पनि सीएसआरको रूपमा गणना गर्न पाइने भएको छ ।

# इक्यान झापाको चौथो अधिवेशन कात्तिक १४ मा

बिर्तामोड(प्रस) । नेपाल शैक्षिक परामर्श संघ (इक्यान झापा) को चौथो अधिवेशन तथा सातौं साधारण सभा यही कात्तिक १४ गते हुने भएको छ ।

शैक्षिक परामर्शका रुपमा काम गर्दै आएका झापाका शैक्षिक परामर्शदाताहरुको साझा संस्थाको रुपमा रहेको इक्यान झापाले दुई वर्षे कार्यकालका लागि नयाँ नेतृत्व समेत चयन गर्ने इक्यान झापाका अध्यक्ष रोशन सुवेदीले जानकारी दिए । इक्यान झापामा करिब ५० भन्दा धेरै कन्सल्टेन्सी ब्यवसायीहरु आवद्ध रहेका छन् ।

शैक्षिक परामर्शदाताको रुपमा काम गर्दै आएको इक्यान झापाले सामाजिक उत्तरदायित्वअन्तर्गत पनि विभिन्न कामहरु गर्दै आएको छ । चौथो अधिवेशन तथा सातौं साधारण सभाको अवसरमा रक्तदान कार्यक्रम समेत आयोजना गरिएको अध्यक्ष सुवेदीले जानकारी दिए ।

बिर्तामोडस्थित होटल सिद्धार्थ ग्राण्डमा हुने अधिवेशनको तयारी शुरु गरिएको इक्यान झापाका सचिव अशोक भण्डारीले जानकारी दिए । परामर्श ब्यवसायीहरुलाई मर्यादित बनाउँदै आफ्नो ब्यवसाय सञ्चालन गर्ने उद्धेश्यका साथ इक्यान झापाको गठन भएको थियो । उच्च शिक्षा अध्ययनका लागि विश्वका विभिन्न विश्वविद्यालयमा जान चाहने विद्यार्थीहरुलाई शैक्षिक परामर्श दिदैं आएको कन्सल्टेन्सीहरुलाई ब्यवस्थित गर्ने उद्धेश्यले नेपाल शैक्षिक परामर्श संघको गठन भएको हो ।

इक्यान झापाको संस्थापक अध्यक्ष सुमन शर्मा जम्मरकटेल हुन् भने निवर्तमान अध्यक्ष मिलन ओली रहेका छन् । आगामी नेतृत्व समेत सर्वसम्मत रुपमा चयन गर्ने र सहमति, सहकार्य र एकताको सन्देश सबैलाई प्रवाह गर्ने काम इक्यान झापाले गर्ने जनाइएको छ ।

# ६९ लाख ९९ हजार करदाताले लिए स्थायी लेखा नम्बर

झापा(प्रस)। ६९ लाख ९९ हजार करदाताले स्थायी लेखा नम्बर लिएका छन् । अर्थ मन्त्रालयलका अनुसार एक वर्षमै ठुलो संख्यामा करदाता थपिएका छन् ।

२०८१ असार मसान्तमा स्थायी लेखा नम्बर लिने करदाताको संख्या ६२ लाख २६ हजार रहेकोमा २०८२ असारसम्म यस्तो संख्या ६९ लाख ९९ हजार पुगेको छ । २०८२ असारसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताका संख्या ३ लाख ५१ हजार



र अन्तःशुल्कमा दर्ता हुने करदाताको संख्या १ लाख २५ हजार पुगेको छ । यस अवधिमा दर्ता भएका कुल स्थायी लेखा नम्बरमा व्यावसायिक स्थायी लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बर लिनेहरू बढेका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा सरकारले कुल १२ खर्ब ८४ अर्ब रुपैयाँ कर राजस्व सङ्कलन गरेको छ । यसमा भन्सारबाट ३ खर्ब ७ अर्ब, मूल्य अभिवृद्धि करबाट ३ खर्ब ८६ अर्ब, अन्तःशुल्कबाट १ खर्ब ९४ अर्ब र शिक्षा सेवा शुल्कबाट ४ अर्ब रुपैयाँ सङ्कलन भएको छ । गत वर्ष सरकारको कुल राजस्व सङ्कलन १४ खर्ब १० अर्ब रुपैयाँ रहेकोमा १ खर्ब ३५ अर्ब रुपैयाँ गैरकर राजस्वबाट आएको थियो । करदाताको संख्या र कर राजस्व दुवैमा देखिएको सकारात्मक वृद्धिले मुलुकको राजस्व प्रणाली बलियो हुँदै गएको अर्थ मन्त्रालयले जनाएको छ । यद्यपि जेनजी आन्दोलनका कारण पछिल्ला दिनहरूमा राजस्व सङ्कलन सरकारले लक्ष्य अनुसार उठाउन सकिरहेको छैन । जसकारण सरकारलाई आगामी दिनमा लक्ष्य भेट्न थप कठिन हुने देखिएको छ ।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका कारण उद्योग, व्यापार र व्यवसाय प्रभावित भएकालाई सरकारले कर छुट र सहुलियत दिने बताइसकेको छ । आन्तरिक राजश्व विभागका अनुसार आन्दोलनका कारण उत्पादन र व्यापारमा परेको असरलाई मध्यनजर गर्दै कर छुट र अन्य सहुलियतको व्यवस्था गरिएको छ । चालु आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले स्वीकृत गरेका उत्पादन र सेवामा खर्च घटाउने तथा कर छुट दिने व्यवस्था गरिएको छ ।

# ११ औं दिनमा खुलाइयो मेची राजमार्गमा वैकल्पिक बाटो

झापा(प्रस) । मेची राजमार्गको इलाम खण्डअन्तर्गत पर्ने राजदुवाली खण्ड सञ्चालन गर्न थप कठिनाइ भइरहेका बखत वैकल्पिक सडक सञ्चालनमा ल्याइएको छ । राजमार्ग अवरुद्ध भएको ११ औं दिन जोगमाई खोलामा डाइभर्सन गरिएसँगै १२ किलोमिटर दूरीको उक्त सडक सञ्चालनमा ल्याइएको हो । सडक डिभिजन इलामले राजदुवालीको विकल्पमा सिमल गोलाईदेखि मोडिएर तिल्केनी निस्कने गरी सडक खुलाएको हो । जोगमाई खोलामा १४ वटा ह्युम पाइप र केही क्यानल पिसबाट पानी कटाएर वैकल्पिक सडक खुलाइएको हो । सडक खुलाउन सडक डिभिजनले पाँचथरबाट ह्युमपाइप लगेको थियो । यो सडक खुलाउन सडक डिभिजन कार्यालयसँगै सरोकारवालाले रातारात काम गरेका थिए । जोगमाई खोलाको डाइभर्सन गर्ने काम सकिएसँगै ताप्लेजुङ, पाँचथर र इलामतर्फबाट झापातर्फ झर्दै गरेका अनि झापातर्फबाट इलाम पाँचथर हुँदै ताप्लेजुङतर्फ जाने क्रममा बीच बाटोमा अड्केका सवारी साधन आआफ्ना गन्तव्यतर्फ लागेका छन् । यो मार्गमा साना सवारी साधन सहजै पार गर्न सक्ने बताइएको छ । वैकल्पिक सडकबाट गह्रुँगा र मालवाहक साधन चलाउन मिल्ने/नमिल्ने भन्ने खुलाइएको छैन ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अधि बढ्नेछ ।

**मीन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ